# एनएमबि बैंक लिमिटेडको
# पच्चीसौं वार्षिक साधारण सभाको विवरण (माईन्यूट)

## १. प्रारम्भिक :

एनएमबि बैंक लिमिटेडको मिति २०७७/०९/०७ गते बसेको सञ्चालक समितिको ४१३औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बोलाइएको पच्चीसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**साधारण सभा बसेको मिति, स्थान र समय:**

मिति : २०७७ साल पौष महिना २९ गते, बुधवार (तद्नुसार जनवरी १३, २०२१)

स्थान : कृष्णटावर, नयाँ बानेश्वर, काठमाडौं ।

समय : बिहानको १०:३० बजे

## २. उपस्थिति:

**(अ) सञ्चालकहरू:**

| सि.नं. | संचालकहरुको नाम | पद | उपस्थिति/अनुपस्थिति |
|---|---|---|---|
| (१) | श्री पवन कुमार गोल्याण | अध्यक्ष | उपस्थित |
| (२) | श्री निको पिल | सञ्चालक | अनुपस्थित |
| (३) | श्री जीवन कुमार कट्वाल | सञ्चालक | उपस्थित |
| (४) | श्री योगेन्द्र लाल प्रधान | सञ्चालक | उपस्थित |
| (५) | श्री उत्तम भ्लोन | सञ्चालक | उपस्थित |
| (६) | श्री शिरिष कुमार मुरारका | सञ्चालक | उपस्थित |
| (७) | श्री प्रदीप राज पाण्डे | स्वतन्त्र सञ्चालक | उपस्थित |

**(आ) आमन्त्रित प्रतिनिधिहरू:**

| | | |
|---|---|---|
| (१) | श्री आर्नो डि. भेट | प्रतिनिधि, एफएमओ, नेदरल्याण्ड |
| (२) | श्री टि पुराहरन सि पि रामकृष्णन | प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया |
| (३) | श्री कमल प्रसाद निरौला | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| (४) | श्री रमा कार्की | प्रतिनिधि, कर्मचारी सञ्चय कोष |
| (५) | श्री सुनिर कुमार ढुंगेल | प्रतिनिधि, एसएआर एशोसिएट्स (लेखापरीक्षक) |
| (६) | श्री हेम कुमार श्रेष्ठ | प्रतिनिधि, कानूनी सल्लाहकार |

**(इ) पदाधिकारीहरू:**

| | | |
|---|---|---|
| (१) | श्री सुनिल के.सी. | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री प्रदीप प्रधान | प्रमुख संचालन अधिकृत |
| (३) | श्री शरद तेगी तुलाधर | प्रमुख जोखिम अधिकृत |
| (४) | श्री गोविन्द घिमिरे | प्रमुख व्यवसाय अधिकृत |
| (५) | श्री सुदेश उपाध्याय | प्रमुख व्यवसाय तथा रणनीति अधिकृत |
| (६) | श्री सवनम लिम्बु जोशी | प्रमुख मानव संशाधन अधिकृत |
| (७) | श्री प्रमोदकुमार दाहाल | प्रमुख आन्तरीक लेखापरीक्षण, एएमएल अधिकृत तथा कम्पनी सचिव |
| (८) | श्री नविन मानन्धर | प्रमुख वित्त अधिकृत |
| (९) | श्री रोशन रेग्मी | प्रमुख रिटेल बैंकिङ्ग |

(ई) **शेयरधनीहरू:**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या (भर्चुअल समेत) | २४३ | २१९ | ४६२ |

३. **सभाको सभापतित्व तथा वैधानिकता :**

वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो । बैंकको पच्चीसौं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको सभापतिज्यूको आज्ञाले कम्पनी सचिव श्री प्रमोदकुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नु भयो ।

(क) **साधारण सभाको बारेमा सार्वजनिक सूचना:**

बैंकको पच्चीसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनीहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिका अन्नपुर्ण पोष्टमा मिति २०७७/०९/०८ र २०७७/०९/२२ गते गरी दुई पटक प्रकाशित गरिएको थियो । उल्लेखित साधारण सभाको सुचनाहरु प्रकाशित गर्दा कम्पनी ऐन, २०६३ को दफा ८४(४) को प्रयोजनार्थ आ.व. २०७६/७७ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत दुई पटक सोहि पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, शेयरधनी महानुभावहरूको सुविधाको लागि संक्षिप्त वार्षिक आर्थिक विवरणका साथै वार्षिक प्रतिबेदन बैंकको वेबसाइट www.nmbbanknepal.com मा पनि राखिएको थियो । कोभिड १९ का कारण हुनसक्ने संक्रमणको जोखिमलाई ध्यानमा राख्दै साधारण सभामा भिडियो कन्फ्रेन्स (भर्चुअल) प्रविधि मार्फत सहभागी हुन सक्ने गरी शेयरधनी महानुभाबहरुलाई मिटिङ्गको ID तथा Password उपलब्ध गराउने व्यवस्था समेत गरिएको थियो ।

(ख) **उपस्थिति:**

बैंकको वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरु विद्युतीय माध्यमबाट समेत उपस्थित हुन सक्ने व्यवस्था गरिए बमोजिम शेयरधनी महानुभावहरुले स्वयं तथा विद्युतीय माध्यमबाट समेत उपस्थिति जनाउनु भएको थियो । साधारण सभामा संचालक समितिका ६ जना सदस्यहरुको उपस्थिति रहेको र संचालक श्री निको पिल कोभिड १९ को महामारीका कारण युरोपबाट आउन नसक्नु भएकाले उपस्थिति हुन नसक्नु भएको ।

(ग) **गणपूरक संख्या:**

१. यस साधारण सभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०७७/०९/१६ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण निम्नानुसार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ७१९ | १४७,०९२ | १४७,८११ |
| | शेयर | ७,३६,८३,५४०.१२ | ७,०७,९३,९८९.५४ | १४,४४,७७,५२९.६६ |



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयर धनी संख्या | २४३ | २१९ | ४६२ |
| | शेयर | ६,३२,१६,३८२ | १,७९,८२,६३४ | ८,११,९९,०१६ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ८५.७९ | २५.४० | ५६.२० |

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका बिषयहरू उपर छलफल गर्न आज मिति २०७७/०९/२९ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा ४६२ जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५६.२० प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभा वैधानिक भएको सभालाई जानकारी गराउनु भयो ।

## ४. छलफलका विषयहरू :

### (क) सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ अषाढ मसान्तको वासलात र आ.व. २०७६/७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु पारित गर्ने (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड र एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड समेतको एकीकृत वित्तीय विवरण र साविक कञ्चन डेभलपमेन्ट बैंक लि. को आ.व. २०७६/७७ को वार्षिक वित्तीय विवरणहरु लगायत सम्बद्ध अनुसूचीहरु समेत),

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व.२०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने,

४. तत्कालिन कञ्चन डेभलपमेन्ट बैंक लि. को आ.व. २०७७/०७८ को भाद्र ०६ गतेसम्मको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने,

५. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम चुक्ता पूँजी रु.१४,४४,७७,५२,९६६/९६ को ३.२० प्रतिशतका दरले हुन आउने रु.४६,२३,२८,०९४/९४ नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृत गर्ने ।

### (ख) विशेष प्रस्ताव :

१. बैंकको वर्तमान अधिकृत पूँजी रु.१६,००,००,००,०००/- (अक्षेरेपि सोह्र अरव) बाट बृद्धि गरी रु.२०,००,००,००,०००/- (अक्षेरेपि बीस अरव) पुऱ्याउन स्वीकृति प्रदान गर्ने,

२. बैंकको वर्तमान जारी पूँजी रु.१४,४४,७७,५२,९६६/९६ (अक्षेरेपि चौध अरब चवालीस करोड सतहत्तर लाख बाउन्न हजार नौ सय छैसठ्ठी र पैसा छयानब्बे मात्र) बाट बृद्धि गरी


NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

रु.१६,३२,५९,६०,८५२/६६ (अक्षेरेपि सोह्र अरब बत्तीस करोड उनन्साठी लाख साठी हजार आठ सय बाउन्न र पैसा छैसठ्ठी मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने,

३. बैंकको जारी पूँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पूँजी पुऱ्याउन वर्तमान चुक्ता पूँजीको १३ (तेह्र) प्रतिशतको दरले हुन आउने रकम रु.१,८७,८२,०७,८८५/७० बराबरको बोनस शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने,

४. अधिकृत पूँजी र वोनस शेयर जारी भए पश्चात बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सोहि बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६ (क), (ख) र (ग) मा संशोधन गर्ने,

५. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाब भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

## ५. सभाको शुभारम्भ :

वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री पवन कुमार गोल्याणले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ६. वार्षिक प्रतिवेदनको प्रस्तुति :

सभाको काम कारवाही शुरू गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले आफ्नो मन्तब्य राख्दै सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भयो । सो पश्चात पुर्व निर्धारित छलफलका विषय सूची अनुसारका बुँदाहरु लगायत लेखापरीक्षकको प्रतिवेदन, आ.व. २०७६/०७७ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण सहितको वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनीहरु समेतको एकीकृत विवरण र साविक कञ्चन डेभलपमेन्ट बैंक लि. को आ.व. ०७६/०७७ को वित्तीय विवरण लगायतका अन्य सम्बद्ध अनुसूचीहरु समेत) तथा आ.व. २०७७/०७८ को आश्विन मसान्तसम्मको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्दै साधारण सभा समक्ष आवश्यक छलफल गरी पारित गर्नकालागि अनुरोध गर्नु भयो ।

## ७. छलफलको लागि आह्वान :

साधारण सभामा निर्धारित प्रस्तावहरूको बिषय-सूची उपर छलफल गर्न सक्ने ब्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सूचनामा प्रकाशित भए बमोजिमका छलफलका विषयहरु उपर आ-आफ्नो मन्तब्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहाने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

## ८. छलफलमा सहभागी हुने शेयरधनीहरू :

देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचार तथा मन्तव्य राख्नु भएको थियो ।

| | | | |
|---|---|---|---|
| क) | श्री चन्द्र नारायण श्रेष्ठ | ङ) | श्री भक्ति प्रसाद उप्रेती |
| ख) | श्री योगेन्द्र बहादुर थापा | च) | श्री नरसिंह लाल चखूँ |
| ग) | श्री टि पुराहरन सि पि रामकृष्णन (प्रतिनिधि योंग लियन रियाल्टी | छ) | श्री राम गोपाल महर्जन |
| घ) | श्री आर्नो डि. भेट (प्रतिनिधि एफएमओ) | | |

## ९. शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरूको संक्षिप्त विवरण :

**क) श्री चन्द्र नारायण श्रेष्ठ :** उहाँले सभामा विद्युतीय माध्यमबाट सहभागी हुँदै सभाका अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, कर्मचारी, भर्चुअल तथा भौतिक रुपमा सभामा सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैंकले यस वर्ष वितरण गर्ने प्रस्ताव गरेको १६.२०% लाभांश गत वर्षको भन्दा कम भएता पनि विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को अवस्थामा स्वागत योग्य रहेको र यस बैंक तुलनात्मक रुपमा राम्रो रहेको धारणा राख्नुका साथै भविश्यमा समेत अझ राम्रो गर्दै जाने विश्वास ब्यक्त गर्नु भयो ।

**ख) श्री योगेन्द्र बहादुर थापा** : उहाँले शेयरधनी महानुभावहरु, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै वर्तमान कोभिडको अवस्थामा भर्चुअल प्रविधि मार्फत समेत उपस्थिति जनाई सम्पन्न हुन गईरहेको साधारण सभा कानूनी रुपमा वैधानिक रहेको धारणा राख्नु भयो । बैकलाई हालको सक्षम अवस्थामा पुऱ्याई प्रगती तथा आफ्नो उद्देश्यहरुमा सफलता प्राप्त गर्न बैंकका दक्ष कर्मचारीहरुको भूमिका महत्वपूर्ण रहेको र सुदुर पश्चिममा बैंकका शाखाहरु थोरै रहेको अवस्थामा सुदुर पश्चिममा राम्रो मानिएको कञ्चन डेभलपमेण्ट बैंकलाई प्राप्ती गरी शाखा संजालमा बृद्धी गराउँदै बैंकलाई सबल बनाएकोमा विशेष धन्यवाद ज्ञापन गर्नु भयो । बैंकले नियमनकारी निकायहरुबाट जारी निर्देशनहरुको पुर्ण रुपमा पालना गर्ने गरेको, बैंकको हालको प्रगती पनि राम्रो रहेको र शेयरहोल्डरले सधै प्रतिफलको चाहना गर्ने भएकाले भविश्यमा समेत बैंकले अझ राम्रो गर्दै जानेछ भन्ने विश्वास ब्यक्त गर्नु भयो ।

**ग) श्री टि पुराहरन सि पि रामकृष्णन :** उहाँले विद्युतीय माध्यमबाट सहभागी हुँदै बैंकको पच्चीसौ वार्षिक साधारण सभामा सहभागी हुन पाएकोमा खुसी ब्यक्त गर्नु भयो । कोभिड-१९ को वर्तमान परिस्थितिमा समेत बैंकले गरेको प्रगतीको लागि बैंकको सञ्चालक समिति तथा प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । संस्थापक शेयरधनी योंग लियन रियाल्टी, मलेसियाले बैंकले गरेको कार्यलाई पूर्ण सहयोग तथा समर्थन गर्ने कुरा उल्लेख गर्नु भयो । सभामा सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै बैंकहरुको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकलाई समेत धन्यवाद ज्ञापन गर्नु भयो । (अग्रेजी भाषामा दिनु भएको मन्तब्यलाई संक्षिप्त रुपमा नेपाली भाषामा अनुवाद गरिएको)

**घ) श्री आर्नो डि. भेट :** उहाँले विद्युतीय माध्यमबाट सहभागी हुँदै बैंकले कोभिड- १९ को महामारीमा समेत सफलतापुर्वक साधारण सभा सम्पन्न गर्न गईरहेकोमा सभाका अध्यक्ष, संचालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा बैंकका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । विश्वभर महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को अवस्थामा समेत बैंकको प्रगती राम्रो रहेको, एनएमबि बैंकले कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गरी एकीकृत कारोवार गरेको तथा बैंकको Capital adequacy ratio राम्रो रहेको, बैंकले डिजिटल च्यानलहरु विस्तार गरी कारोबारमा बृद्धि गरेको छ भन्नु भयो । सम्पूर्ण शेयरधनीहरुलाई यस बैंकलाई सहयोग गरि नेपालको उत्कृष्ट बैंक बनाउन अनुरोध गर्दै बैंकले भविश्यमा अझ बढी प्रगती गर्दै जाने

बिश्वास व्यक्त गर्नुभयो । (अग्रेजी भाषामा दिनुभएको मन्तब्यलाई संक्षिप्त रुपमा नेपाली भाषामा अनुवाद गरिएको)

ङ) **श्री भक्ति प्रसाद उप्रेती** : उहाँले आफ्नो राय तथा सुझावहरु लिखित रुपमा पेश गर्दै शेयरधनीहरुलाई १३ प्रतिशत बोनस शेयर र ३.२० प्रतिशत नगद लाभांश दिएको, विषम परिस्थितिमा पनि कूल निक्षेप, कर्जा सापट लगानी, खुद ब्याज आम्दानी, शाखा सञ्जाल विस्तार गर्न सफल हुनु भएको, देशका २६ वटा बैंक मध्ये अग्रणि १० वटा बैंकमा पर्न सफल भै चुक्ता पूँजीमा Rank ५, अन्य संचालन खर्चमा Rank ५ मा पर्न सफल भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । साथै, उपयुक्त रणनीति अख्तियार गरी नोक्सानी व्यवस्थाबाट रकम फिर्ता (write back) ल्याउन, निष्कृय कर्जा १ प्रतिशत भन्दा तल कायम गर्न, Spread Rate maintain गरी नाफा बढाउने तर्फ आवश्यक रणनीति बनाउन, अपलेखित कर्जाको असूलीलाई उच्च प्राथमिकतामा राख्न तथा अल्पकालीन र मध्यकालीन रणनीति तय गरी Off Balance Sheet Income बाट आम्दानी बढाउन सुझाव दिनुभयो ।

च) **श्री नरसिंह लाल चखूँ** : उहाँले आफ्नो राय तथा सुझावहरु लिखित रुपमा पेश गर्दै कोभिड–१९ को कहरमा पनि लगानीकर्ताको प्रतिफलमा ध्यान दिएकोमा बोर्ड, म्यानेजमेन्ट र एचआर टिमलाई धन्यवाद दिँदै बैंकले Fund Management मा ध्यान दिनुपर्ने, शाखाहरुको व्यापार, बजार विस्तार गरी ती शाखाहरु नाफामुखी बनाउनु पर्ने, साथै Loan recovery, write back मा जोड दिनु पर्ने, Net Profit घटेकोले सुधार गर्नु पर्ने, Forex Management मा सुधार गर्नुपर्ने, निष्कृय कर्जा १ प्रतिशत भन्दा तल कायम गर्नु पर्ने, HR Efficiency बढाउन तथा HR Team Motivated बनाउने लगायतका सुझावहरु दिनुभयो । सामान्य र विशेष प्रस्तावहरुमा मेरो पूर्ण समर्थन छ । साथै, एनएमबि बैंकले Equity Capital बढाउँदै लगेको राम्रो छ भन्दै बैंकको पूर्ण प्रगतीको कामना गर्नुभयो ।

छ) **श्री राम गोपाल मर्हजन** : उहाँले सभामा विद्युतीय माध्यमबाट सहभागी हुँदै सभाका अध्यक्ष, सञ्चालक तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै आफु शुरु देखि बैंकको शेयरधनी भएकोले बैंकबाट राम्रो प्रतिफल प्राप्त गरिराखेको बताउनु भयो । हाल बैंकको पूँजी वृद्धी भएकोले बैंक सक्षम र बलियो बन्नको लागि रिजर्भमा समेत बृद्धी गर्नु पर्ने र बैंकहरुका शाखा बृद्धी गर्नु भन्दा पनि भएका शाखाहरुलाई राम्रोसँग व्यवस्थापन गरी शाखाले गरेका कार्यहरुको अनुगमन गर्नुपर्ने जसले गर्दा ग्राहकलाई राम्रो सेवा प्रदान गर्न सकोस भन्ने सुझाव दिनुभयो । बैंकले आफ्नो योजनामा रहेको Digital banking लाई सरल तथा सबैको पहुँचमा पुग्ने गरी संचालन गर्न अनुरोध गर्नु भयो । बैंकले अन्य केही कम्पनीहरुको शेयरमा गरेको लगानीबाट प्रतिफल कम देखिएकोले उचित समयमा बिक्री गर्न अनुरोध गर्नु भयो ।

१०. **<u>शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :</u>**

**<u>सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ :</u>**

बैंकका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरुबाट आएको सुझावहरु प्रति आभार व्यक्त गर्दै शेयरधनीहरुले दिनु भएको सुझाब अनुसार आवश्यक सुधारहरु गर्दै जानेछौं भन्नुभयो । बैंकले सूदुरपश्चिममा रहेको कन्चन डेभलपमेन्ट बैंकलाई प्राप्ती गरेको कारण सूदुरपश्चिम प्रदेशमा बैंकको बलियो उपस्थिती भएको छ । एफएमओ, नेदरल्याण्ड्सले यस बैंकलाई value based banking तथा नविकरणीय उर्जा र जलविद्युत क्षेत्रमा गरेको लगानीमा सहयोग गरेको तथा स्थापना काल देखिनै योंग लियन रियाल्टीले यस बैंकलाई गरेको सहयोगका लागि धन्यवाद दिनुभयो । यस बैंकले पिछडिएका वर्गको उत्थानका लागि विभिन्न


NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

कार्यक्रमहरु संचालन गरेको, साना तथा मझौला उद्योग विस्तारका लागि लगानी गरिएको, बीना धितो कर्जा पर्याप्त मात्रामा प्रवाह गरेको, जडिबुटी बनाउने उद्योग, हाते कागज उत्पादन गर्ने उद्योग, अल्लो खेती लगायतका क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसंग सम्झौता गरि लगानी बढाएको ब्यहोरा जानकारी गराउनु भयो । बैंकले महिलाहरुबाट संचालित उद्योग तथा व्यवसायमा समेत लगानी बृद्धि गर्दै लगेको जसले समग्र रुपमा महिलाहरुको उत्थानका लागि सहयोग पुग्ने विश्वास दिलाउनु भयो । यसका लागि बैंक व्यवस्थापन तथा यस क्षेत्रमा काम गर्ने कर्मचारीहरुलाई धन्यवाद दिनुभयो । बैंकले समाजिक उत्तरदायित्व अन्तर्गत नेपाल सरकारले स्थापना गरेको कोभिड-१९ कोषमा सहयोग गरेको, स्कूल तथा धार्मिक स्थलहरुको विकासका लागि सहयोग गरेको कुरा उल्लेख गर्नुभयो । बैंकले नेपालमा पहिलो पटक इनर्जी वण्ड निश्काशन गर्न लागेको कुरा समेत उल्लेख गर्नु भयो । कोभिड-१९ को महामारीमा पनि अग्र भागमा बसेर कर्मचारीहरुले ग्राहकहरुलाई निरन्तर सेवा प्रवाह गर्न सफल भएकोमा समपूर्ण कर्मचारी तथा व्यवस्थापनलाई धन्यवाद दिनु भयो ।

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी. ले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ तथा आफ्नो मन्तव्य :**

उहाँले सभामा स्वयं तथा भर्चुअल प्रविधिबाट सहभागी सबै महानुभावहरुलाई सहभागिताका लागि धन्यवाद दिँदै आ.व. २०७६/७७ को नाफाबाट प्रतिफल दिने सम्बन्धमा अन्य बैंकहरु मध्ये शेयरधनीहरुलाई लाभांश वितरण गर्नेमा यस बैंक ५औं स्थानमा पर्न सफल भएको, कोभिड-१९ को महामारीका कारण कर्जा लागानी तथा असुलीमा समस्या देखिएको, बैंकले प्रर्याप्त रुपमा कर्जा नोक्सानी व्यवस्था कायम गरेकाले नाफामा कमी हुन गएको भएता पनि बढी कर्जा नोक्सानी व्यवस्थाले आगामी दिनमा बैंक अझै बलियो र सक्षम हुने कुरामा विश्वास दिलाउनु भयो । उहाँले बैंकले बन्दाबन्दीको समयमा समेत भाइबर तथा म्यासेन्जरबाट खाता खोल्न र स-साना कर्जाहरु डिजिटाईजेसनको माध्यमबाट प्रवाह गर्न सकिने गरी ग्राहकवर्गलाई सुविधा प्रदान गरिएको, साना तथा मझौला कर्जा विस्तार गरिएको जानकारी गराउनु भयो । साथै, उहाँले यहाँहरुको यस बैंक विगत चार वर्षमा तीन पटक बैंक अफ दी ईयर अवार्डबाट सम्मानित भएको छ, यो सम्मान फाइनान्सियल टाइम्स लण्डनले यस बैंकलाई कोभिड-१९ को समयमा ग्राहकहरुलाई प्रदान गरेको गुणस्तरीय सेवा तथा डिजिटल प्रबिधिको क्षेत्रमा यस बैंकले गरेको प्रगति समेतको आधारमा प्रदान गरेको हो भन्नु भयो । उहाँले कोभिड -१९ को महामारीको समयमा कर्मचारीहरुले गरेको सेवा तथा योगदानको उच्च प्रशंसा गर्दै बैंकले आगामी बर्ष राम्रो प्रतिफल दिने शेयरधनीहरुलाई विश्वास दिलाउनु भयो ।

११. **सभाबाट पारित प्रस्तावहरू :**

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरू उपर छलफल भैसकेकाले पारित गर्न सभा समक्ष अनुरोध गरिए बमोजिम देहायका प्रस्तावहरू उपर शेयरधनीहरूले सर्वसम्मतिबाट पारित गर्नुभयो ।

(क) **सामान्य प्रस्ताव:**

(१) आ.व. २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ अषाढ मसान्तको वासलात र आ.व. २०७६/७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड र एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड समेतको एकीकृत वित्तीय विवरण र साविक कञ्चन डेभलपमेन्ट बैंक लि. को आ.व.


NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

२०७६/०७७ को वार्षिक वित्तीय विवरणहरु लगायत सम्बद्ध अनुसूचीहरु समेत) सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए अनुसार बैंकको लेखापरीक्षण गर्न लेखापरीक्षक देव एशोसिएट्स र केएमयु एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्सलाई (संयुक्त रुपमा) लेखापरीक्षकमा रू.९,९०,०००/- (नौ लाख नब्बे हजार) (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्ती गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(४) तत्कालिन कन्चन डेभलपमेन्ट बैंक लि. को आ.व. २०७७/७८ को भाद्र ०६ गतेसम्मको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिबाट सिफारिस भए अनुसार लेखापरीक्षक ए.पी. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्सलाई रु.१२५,०००/- (एक लाख पच्चीस हजार) (मूल्य अभिबृद्धि कर समेत) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्ती गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(५) सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम चुक्ता पूँजी रु.१४,४४,७७,५२,९६६/९६ को ३.२० प्रतिशतका दरले हुन आउने रु.४६,२३,२८,०९४/९४ नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृती प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(ख) **विशेष प्रस्तावः**

१. बैंकको वर्तमान अधिकृत पूँजी रु.१६,००,००,००,०००/- (अक्षेरेपि सोह्र अरव) बाट बृद्धि गरी रु.२०,००,००,००,०००/- (अक्षेरेपि बीस अरव) पुऱ्याउन स्वीकृति प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

२. बैंकको वर्तमान जारी पूँजी रु.१४,४४,७७,५२,९६६/९६ (अक्षेरेपि चौध अरब चवालीस करोड सतहत्तर लाख बाउन्न हजार नौ सय छैसट्ठी र पैसा छयानब्बे मात्र) बाट बृद्धि गरी रु.१६,३२,५९,६०,८५२/६६ (अक्षेरेपि सोह्र अरब बत्तीस करोड उनन्साठी लाख साठी हजार आठ सय बाउन्न र पैसा छैसट्ठी मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

३. बैंकको जारी पूँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पूँजी पुऱ्याउन वर्तमान चुक्ता पूँजीको १३ (तेह्र) प्रतिशतको दरले हुन आउने रकम रु.१,८७,८२,०७,८८५/७० बराबरको बोनस शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

४. अधिकृत पूँजी र वोनस शेयर जारी भए पश्चात बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सोहि बमोजिम बैंकको प्रबन्धपत्रको दफा ६ (क), (ख) र (ग) मा देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो :

**(अ)** प्रबन्धपत्रको दफा ६(क) मा हाल रहेको "बैंकको अधिकृत पूँजी रु.१६,००,००,००,०००/- (अक्षेरेपि सोह्र अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका १६,००,००,००० (अक्षेरेपि सोह्र करोड) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको अधिकृत पूँजी रु.२०,००,००,००,०००/- (अक्षेरेपि बीस अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका २०,००,००,००० (अक्षेरेपि बीस करोड) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने ।

**(आ)** प्रबन्धपत्रको दफा ६(ख) मा हाल रहेको "बैंकको जारी पूँजी रु.१४,४४,७७,५२,९६६/९६ (अक्षेरेपि चौध अरब चवालीस करोड सतहत्तर लाख बाउन्न हजार नौ सय छैसट्ठी र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका १४,४४,७७,५२९.६६ (अक्षेरेपी चौध करोड चवालीस लाख सतहत्तर हजार पाँच सय उनन्तीस दशमलव छैसट्ठी) थान शेयरमा विभाजन


NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको जारी पूँजी रु.१६,३२,५९,६०,८५२/६६ (अक्षेरेपि सोह्र अरब बत्तीस करोड उनन्साठी लाख साठी हजार आठ सय बाउन्न र पैसा छैसट्ठी मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका १६,३२,५९,६०८.५२ (अक्षेरेपी सोह्र करोड बत्तीस लाख उनन्साठी हजार छ सय आठ दशमलव पाँच दुई) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने ।

**(इ)** प्रबन्धपत्रको दफा ६(ग) मा हाल रहेको "बैंकको चुक्ता पूँजी रु.१४,४४,७७,५२,९६६/९६ (अक्षेरेपि चौध अरब चवालीस करोड सतहत्तर लाख बाउन्न हजार नौ सय छैसट्ठी र पैसा छयानब्बे मात्र) हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको चुक्ता पूँजी रु.१६,३२,५९,६०,८५२/६६ (अक्षेरेपि सोह्र अरब बत्तीस करोड उनन्साठी लाख साठी हजार आठ सय बाउन्न र पैसा छैसट्ठी मात्र) हुनेछ ।" भन्ने व्यवस्था कायम गर्ने ।

५. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय भयो ।

(ग) **विविधः** विविधतर्फ छलफलको विषय नभएको ।

१२. **धन्यवाद ज्ञापन :**

आजको साधारण सभा सौहाद्रपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पर्यवेक्षक, बैंकका कर्मचारी, पत्रकार लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई यस बैंकको पच्चीसौं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सभाका सभापतिले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. **सभा विसर्जन :**

पच्चीसौं वार्षिक साधारण सभामा समावेश गरिएका विषय सूची अन्तर्गतका विषयहरू उपर छलफल गरि निर्णय भैसकेकाले सम्पूर्ण उपस्थित महानुभाबहरुलाई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा बधाई ज्ञापन गर्दै बैंकका सञ्चालक समतिका अध्यक्ष तथा यस साधारण सभाका सभापति श्री पवन कुमार गोल्याणले सभा दिनको १२:०५ बजे समापन भएको घोषणा गर्नुभयो ।

प्रमोदकुमार दाहाल
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

पवन कुमार गोल्याण
अध्यक्ष